# चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणाली सम्बन्धी कार्यविधि, २०७८

चिकित्सा शिक्षा आयोग
सानोठिमी

# चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणालीसम्बन्धी कार्यविधि, २०७८

स्वीकृत मितिः२०७८।४।२१
पहिलो संशोधन मितिः २०७८।०८।२७

चिकित्सा शिक्षाको क्षेत्रमा स्वदेश तथा विदेशबाट प्राप्त हुने छात्रवृत्ति र स्वदेशका शिक्षण संस्थामा निःशुल्क वा सःशुल्क अध्ययनका लागि निर्धारित सिटमा विद्यार्थी भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा म्याचिङ्ग प्रणालीद्वारा विद्यार्थी छनौट गर्ने राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को नियम १८ बमोजिमको कार्यलाई व्यवस्थित, विश्वसनीय र पारदर्शी बनाउन बाञ्छनीय भएकाले,

चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १
## <u>संक्षिप्त नाम र प्रारम्भ</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** (१) यो कार्यविधिको नाम "चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणालीसम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस यस कार्यविधिमा,-

(क) "एकीकृत प्रवेश परीक्षा समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम १४ बमोजिमको एकीकृत प्रवेश परीक्षा समिति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) सम्झनु पर्छ ।

(ङ) "म्याचिङ्ग प्रणाली" भन्नाले ऐनको दफा १७ को उपदफा (३) तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम १८ बमोजिम विद्यार्थीको प्रवेश परीक्षाको योग्यताक्रम तथा निजले प्राथमिकता दिएको "शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" मा भर्नाका लागि माथिल्लो योग्यताक्रममा रहेका विद्यार्थीले प्राथमिकता पाउने गरी विद्यार्थी छनौट गरिने प्रक्रियालाई सम्झनु पर्छ ।

(च) "योग्यताक्रम" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १६ बमोजिम आयोगद्वारा निर्धारित सबै प्रकारका योग्यताक्रमलाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## आवेदन सम्बन्धी व्यवस्था

३. **प्राथमिकता निर्धारणका लागि सूचना प्रकाशन** :- (१) आयोगले छात्रवृत्ति वा खुला तर्फ वा विदेशी सिटमा अध्ययनका लागि प्राप्त भएका वा निर्धारण गरिएका सिटमा विद्यार्थी भर्नाका लागि " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" हरूको उम्मेदवारबाटै प्राथमिकताक्रम निर्धारण गरी आवेदन पेस गर्न सूचना प्रकाशन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम आयोगले अनलाइन प्राथमिकता निर्धारण (प्रायोरिटी सेटिङ)का लागि दरखास्त आव्हान गर्दा छात्रवृत्ति वा खुलातर्फ वा विदेशी विद्यार्थीहरूका लागि कार्यक्रमगत अलग अलग प्राथमिकताक्रम निर्धारण गर्न पाउने गरी सूचना प्रकाशन तथा म्याचिङ्ग प्रणाली सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारित अनलाइन प्राथमिकता निर्धारण (प्रायोरिटी सेटिङ) समयावधिमा काबु बाहिरको परिस्थिति सिर्जना भएमा परीक्षा निर्देशनालयले आवेदनसम्बन्धी सूचना संशोधन गर्न वा स्थगित गर्न वा समयावधि थप्न वा सूचना रद्द गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम अनलाइन प्राथमिकता निर्धारण (प्रायोरिटी सेटिङ) सम्बन्धी दरखास्त आव्हान गर्दा समूहगत रूपमा योग्यताक्रममा रहेका सबै विद्यार्थी वा समूहगत रूपमा तोकिएको क्रमसंख्यासम्मका विद्यार्थीले आवेदन गर्न पाउने गरी दरखास्त आव्हान गर्न सक्नेछ ।

४. **अनलाइन** प्राथमिकता निर्धारण (प्रायोरिटी सेटिङ) गर्नु पर्ने : (१) आयोगद्वारा निर्धारित छात्रवृत्ति वा खुलातर्फ वा विदेशी विद्यार्थीका लागि निर्धारित सिटमा अध्ययनका लागि दफा ३ बमोजिम तोकिएका योग्यताक्रममा रहेका अध्ययनका लागि इच्छुक विद्यार्थीहरूले सूचनामा उल्लिखित समयावधि भित्र वेभसाइट मार्फत तोकिएको ढाँचामा प्राथमिकता (Online priority) निर्धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राथमिकता (Online priority) निर्धारण नगर्ने उम्मेदवारहरूलाई समापन म्याचिङ्ग (Wrap-up matching) बाहेक अन्य म्याचिङ्ग प्रणालीमा समावेश गरिने छैन ।

(३) उपदफा (१) बमोजिम अनलाइन आवेदन पेश गर्दा आवेदनमा उल्लेख भएका " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"हरूमध्ये आफूलाई अध्ययन गर्न इच्छा भएको एक वा एक भन्दा " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" को प्राथमिकताक्रम उल्लेख गरी आवेदन गर्न सकिनेछ ।

५.**<u>रूजु तथा प्रविष्टिः</u>** (१) दफा ४ बमोजिम प्रकाशित सूचना अनुरूपको समायवधि भित्र आवश्यकता अनुसार माग गरिएका कागजातहरू रूजु गर्नुपर्नेछ ।यसरी रूजु गर्दा रितपूर्वकको आवेदन गर्ने विद्यार्थीहरूलाई मात्र म्याचिङ्ग प्रक्रियामा समावेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम म्याचिङ्ग गर्ने प्रयोजनका लागि खुला तथा अन्य समूहको योग्यताक्रम र शिक्षण संस्था वा विषयगत प्राथमिकताक्रम खुल्ने गरी समूहगत रूपमा तालिका तयार गर्नुपर्ने छ ।

(३)उपदफा(२) बमोजिम तालिका तयार गर्दा दुई वा सोभन्दा बढी समूहमा योग्यताक्रमको सूचीमा रहेका विद्यार्थीहरूको समेत विवरण तयार गर्नुपर्ने छ ।

## परिच्छेद – ३

## <u>सिट बाँडफाँड तथा म्याचिङ्ग प्रक्रिया</u>

६. **<u>सिट बाँडफाँट</u>** : (१) म्याचिङ्गसम्बन्धी प्रक्रिया अघि आयोगले स्नातकोत्तर तहका लागि नियमावलीको नियम १७ र स्नातक तहका लागि नियम २० बमोजिम तोकिएको प्रतिशतका आधारमा सिटको वाँडफाँट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिट वाँडफाँट गर्दा सम्पूर्ण " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"का लागि निर्धारित सिटभन्दा बढी नहुने गरी सम्भव भएसम्म सबै समूहका लागि शिक्षण संस्था वा शैक्षिक कार्यक्रमगत रूपमा सिट निर्धारण गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम सिट वाँडफाँट गर्दा कुनै समूहले दशमलव पछिको अङ्क अपुग भएका कारणले सिट छुट्याउन नसकिएको अवस्थामा सो दशमलव पछिको अङ्कलाई आगामी वर्ष समायोजन गर्नुपर्ने छ ।

(४) छात्रवृत्ति तर्फ कुनै समूहका लागि छुट्याइएको सिटमा सो समूहको आवेदन पेश नभएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो सिट खुला योग्यताक्रमको छात्रवृत्ति सिटको समूहमा समावेश गरिनेछ। ।सो अनुरुप पनि छनौट हुन नसक्ने अवस्थामा खुला (सशुल्क) तर्फ समावेश गरिनेछ।

७. **<u>म्याचिङ्गसम्बन्धी व्यवस्था</u>** : (१) विद्यार्थी भर्ना छनौटको मुल आधार ऐनको दफा १६ बमोजिमको एकीकृत प्रवेश परीक्षाको योग्यताक्रम हुनेछ ।

(२) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिट र छात्रवृत्तिका लागि छुट्याइएको सिटमा म्याचिङ्ग गरिसकेपछि मात्र सशुल्क सिटमा म्याचिङ्ग गरिने छ ।विदेशी सिटमा भर्नाका लागि पहिलो प्राथमिकता आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी भइ सो परीक्षाबाट निर्धारित विदेशी समूहको योग्यता क्रम अनुसार हुनेछ । सो बमोजिम सिट रिक्त भएमा सम्बन्धित राष्ट्रको राष्ट्रियस्तरको प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा भर्ना हुनका लागि तोकिएकै समयावधि भित्र आवेदन गरेका उम्मेदवारहरुको योग्यताक्रम अनुसार भर्ना गरिनेछ ।

(३) स्वदेश तथा विदेशबाट प्राप्त हुने छात्रवृत्तिमा विद्यार्थी छनौट गर्दा आयोगको म्याचिङ्ग आवेदनसम्बन्धी सूचनामा तोकिएको योग्यताक्रम भित्रका आवेदकहरूले पेश गरेको शिक्षण संस्था वा शिक्षण संस्था र शैक्षिक कार्यकमको प्राथमिकताक्रमको आधारमा माथिल्लो योग्यताक्रममा रहेका उम्मेदवारले प्राथमिकता दिएको " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"हरूमा भर्नाका लागि प्राथमिकता दिई म्याचिङ्ग गर्नुपर्ने छ । स्नातकोत्तर तहको विदेशी विश्वविद्यालयबाट प्राप्स सिटको हकमा उम्मेदवार रहेसम्म सरकारी कोटाबाट योग्यताक्रमका आधारमा म्याचिङ्ग गरिने छ तर उम्मेदवार नपुगेको हकमा खुला तर्फबाट समेत योग्यताक्रमका आधारमा छनौट गर्न सकिने छ ।

माथि उल्लेख भए बमोजिम छात्रवृत्तिमा छनौट भइसकेका उम्मेदवारहरुको नाम एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणालीबाट हटाइनेछ ।

(४) उपदफा (३) बमोजिम " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"का लागि समूहगत रूपमा बाँडफाँड गरिएको सिट संख्याभन्दा बढी नहुने गरी समूहगत रूपमा माथिल्लो योग्यताक्रमबाट म्याचिङ्ग गर्नुपर्नेछ ।

(५) उम्मेदवारले पेश गरेको आवेदन, उम्मेदवारको प्राप्ताङ्क, समूहगत योग्यताक्रम, समूहगत आरक्षण प्रतिशत र " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"हरूको प्राथमिकता क्रमका आधारमा माथिल्लो योग्यताक्रममा रहेका उम्मेदवारलाई प्राथमिकता दिइ भर्नाका लागि म्याचिङ्ग गर्नुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम माथिल्लो योग्यताक्रममा रहेका उम्मेदवारले प्राथमिकताक्रम खुलाएका शिक्षण संस्था वा शैक्षिक कार्यकममा निजलाई सिट उपलब्ध गराइसके पछि मात्र निज पछिको उम्मेदवारको म्याचिङ्ग गर्नुपर्ने छ ।

(७) स्नातक तहमा आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा छ देखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा सञ्चालन हुने परीक्षा (एसईई) उत्तीर्ण गरेका उम्मेदवारको म्याचिङ्ग भै सिट खाली भएमा मात्र नेपालभित्रका अन्य विद्यालयबाट माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही

समुदायका उम्मेदवारलाई योग्यताक्रमका आधारमा म्याचिङ्ग प्रक्रियामा सामेल गर्नुपर्ने छ ।

(८) दलित र मुस्लिम समुदायका महिलाका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालाई म्याचिङ्ग प्रक्रियामा सामेल गर्नुपर्ने छ ।

(९) मधेशी दलित समुदायका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका व्यक्तिहरू उपलब्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका अन्य व्यक्तिलाई म्याचिङ्ग प्रक्रियामा समावेश गर्नुपर्ने छ ।

(१०) माथिल्लो योग्यताक्रममा रहेका उम्मेदवारले कुनै शिक्षण संस्था वा शैक्षिक कार्यकममा प्राथमिकताक्रम नखुलाएको अवस्थामा निजले सो " शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"मा अध्ययनका लागि इच्छुक नरहेको मानी निजभन्दा तल्लो योग्यताक्रममा रहेका उम्मेदवारको म्याचिङ्ग गर्नुपर्ने छ ।

(११) एउटै व्यक्ति दुई वा सोभन्दा बढि समूहको योग्यताक्रममा रही आवेदन गरेको अवस्थामा निजको प्राथमिकताक्रमका आधारमा जुन समूहबाट माथिल्लो प्राथमिकतामा रहेको शिक्षण संस्था वा कार्यक्रममा जुन समूहबाट मनोनयन हुन सक्ने हो सोही समूहबाट निजलाई छनौट गर्नुपर्ने छ ।

<u>उदाहरण:</u>

कुनै एक व्यक्तिको खुला तर्फको योग्यताक्रम ५५ र खस आर्य तर्फ योग्यताक्रम १ मा रही कुनै शिक्षण संस्थामा प्राथमिकताक्रम खुलाएको अवस्थामा खुला तर्फको निजभन्दा अगाडिको योग्यताक्रमका उम्मेदवार छनौट भइसकेका कारणले सिट खाली नभएको अवस्थामा सो शिक्षण संस्थामा खस आर्यतर्फ छुट्याइएको सिटमा भर्ना हुने गरी निजको म्याचिङ्ग गर्नुपर्ने छ ।

(१२) एउटै व्यक्ति दुई वा सोभन्दा बढि समूहबाट एकै शिक्षण संस्थामा मनोनयन हुने अवस्थामा मनोनयन हुने सबै समूहका लागि छुट्याइएको समूहगत सिट संख्या भन्दा तल्लो योग्यताक्रममा रहेका उम्मेदवारमध्ये एकीकृत योग्यताक्रममा अगाडि रहेको उम्मेदवार मनोनयन हुन सक्ने गरी निजलाई योग्यताक्रममा सबैभन्दा पछाडि रहेको समूहबाट मनोनयन गर्नुपर्ने छ ।

<u>उदाहरण:</u>

कुनै एक व्यक्तिको खुलातर्फको योग्यताक्रम ४५, मधेशीतर्फ योग्यताक्रम १ र महिलातर्फ २ योग्यताक्रममा रही सबै समूहमा एउटै शिक्षण संस्थामा म्याचिङ्ग हुनसक्ने अवस्थामा एकीकृत योग्यताक्रममा

खुलातर्फको कूल सिट भन्दा तल्लो उम्मेदवारको योग्यताक्रम ८५, मधेशी तर्फको उम्मेदवारको योग्यताक्रम ८० र महिलातर्फको उम्मेदवारको योग्यताक्रम ७५ रहेको अवस्थामा उक्त व्यक्तिलाई कम योग्यताक्रम रहेको महिलातर्फको सिटमा भर्ना हुने गरी निजको म्याचिङ्ग गर्नुपर्ने छ ।

(१३) कुनै समूहका लागि कुनै शिक्षण संस्था वा विषयमा बाँडफाँड गरिएको सिटमा सो समूहका विद्यार्थीले आवेदन नगरेको वा प्राथमिकता नदिएका कारणले रिक्त रहेको सिटमा दशमलव पछिको अङ्कका कारणले सिट प्राप्त गर्न नसकेको अर्को समूहको विद्यार्थीलाई निजको समूहलाई छुट्याइएको कूल सिटभन्दा बढी नहुने गरी भर्नाका लागि म्याचिङ्ग गर्न बाधा पर्नेछैन ।

(१४) कुनै समूहका लागि कुनै शिक्षण संस्था वा विषयमा बाँडफाँड गरिएको सिटमा सो समूहका विद्यार्थीले आवेदन नै नगरी वा प्राथमिकताक्रम नदिई रिक्त रहेको सिट खुला प्रतियोगिताबाट कायम भएको योग्यताक्रमको छात्रवृत्तितर्फको सिटमा थप गर्नुपर्ने छ ।

(१५) ..........

## **परिच्छेद** – ४

## **प्रारम्भिक म्याचिङ्ग तथा पूर्व-मनोनयन**

८. **पूर्व-मनोनयन (pre-nomination)** : (१) आयोगले यस कार्यविधिको दफा ७ बमोजिम म्याचिङ्ग गरी उम्मेदवार खुलातर्फको योग्यताक्रम तथा समूहगत योग्यताक्रम र म्याचिङ्ग भएको शिक्षण संस्था वा शैक्षिक कार्यक्रम समेत खुलाई कम्तिमा तीन दिनको समयावधी दिई पूर्व-मनोनयन (pre-nomination) को सूची प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पूर्व-मनोनयनसम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्दा विद्यार्थीले पूरा गर्नुपर्ने वा पेश गर्नुपर्ने कागजातसहित पूरा गर्नुपर्ने प्रक्रिया तथा अन्य शर्त समेत खुलाउनु पर्नेछ ।

(३) पूर्व-मनोनयनमा परेका सिटमा सम्बन्धित उम्मेदवारले अनिवार्य रूपमा स्वीकार (accept) वा अस्वीकार (withdraw) वा परित्याग (drop) गर्नु पर्ने छ । तोकिएको समयमा अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रम र संस्थाको जानकारी नगराएमा पूर्व मनोनयनमा गरिएको मनोनयन नै अन्तिम हुने छ ।

(४) एकभन्दा बढी शैक्षिक कार्यक्रममा पूर्व-मनोनयनमा परेको अवस्थामा सम्बन्धित उम्मेदवारले अध्ययन गर्न सहमत भएको कुनै एक सिट स्वीकार (accept) गरी अन्य शैक्षिक कार्यक्रमहरू परित्याग (drop) गर्नु पर्ने छ । सो नगरी एकभन्दा

बढी शैक्षिक कार्यक्रममा स्वीकृत हुने अवस्था आएमा सबै शैक्षिक कार्यक्रमहरूबाट निजको नाम हटाइने छ ।

९. **<u>मनोनयन</u>** : (१) ..............

(२) पूर्व-मनोनयन भएका उम्मेदवारले अध्ययन असमर्थताको जानकारी गराएका कारण सिट रिक्त भएमा सोही समूहको पछिल्लो योग्यताक्रमका उम्मेदवारहरूलाई पुनः म्याचिङ्ग गरी मनोनयनसम्बन्धी सूचना प्रकाशन गर्नुपर्ने छ । यसरी पुनः म्याचिङ्ग गर्दा अगाडि म्याचिङ्ग भएको सिट भन्दा माथिल्लो प्राथमिकता क्रमको "शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"मा मात्रै गरिने छ ।

(३) कुनै उम्मेदवारले पूर्व-मनोनयन भएको शैक्षिक कार्यक्रममा अध्ययन गर्न अनिच्छा जारी गरी मनोनयनबाट नाम फिर्ता लिएको (withdraw गरेको) अवस्थामा म्याचिङ्गको सूची परिवर्तन भै अवसर प्राप्त गर्ने पछिल्लो योग्यताक्रमका उम्मेदवारलाई एक दिनको समयावधिभित्र आफ्नो मनोनयन स्वीकार (accept) वा अस्वीकार (withdraw) वा परित्याग (drop) गर्ने अवसर दिइनेछ ।

स्वीकार (accept) गरिसकेपछि भर्ना भए वा नभएमा पनि निजको नाम सम्पूर्ण कार्यक्रम र समूहको सूचीबाट हटाइने छ । अस्वीकार (withdraw) गरी मनोनयनबाट हटेका उम्मेदवारलाई हाल म्याचिङ् भएको सिटभन्दा माथिल्लो प्राथमिकताक्रममा मात्र म्याचिङ्ग हुन सक्ने गरी पछिल्लो चरणको म्याचिङ्गमा समावेश हुने अवसर प्रदान गरिने छ ।परित्याग (drop) गर्ने उम्मेदवारको नाम सो शैक्षिक सत्रको कार्यक्रमको सूचीबाट हटाइने छ ।

(४) उपदफा ३ बमोजिम सम्बन्धित उम्मेदवारले पूर्व-मनोनयनसम्बन्धी सूचनामा उल्लिखित अवधि भित्र कुनै जानकारी नगराएमा पूर्व-मनोनयन स्वत: स्वीकार गरेको मानिने छ ।

(५) पूर्व-मनोनयन पश्चात उम्मेदवारलाई पूर्व-सूचना सहित कम्तिमा एकदिनको समय दिई "चिकित्सा शिक्षा एकीकृत परीक्षा सञ्चालन कार्यविधि २०७७ (संशोधन सहित)" को दफा २० को उपदफा (३), (५) र (६) मा उल्लेख भएका पहिलो, दोस्रो र तेस्रो चरणहरू बमोजिम क्रमशः पहिलो, दोस्रो र तेस्रो भर्नासूची प्रकाशित गर्नु पर्ने छ ।

(६) स्वदेशको छात्रवृत्ति भए मनोनयन भएका उम्मेदवारहरूलाई अभिलेख राखी नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा आयोगले कबुलियतनामा गराइ भर्ना पश्चात सोको समष्टिगत विवरण नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा उपलब्ध गराउनु पर्ने छ ।

(७) विदेशको छात्रवृत्ति भए सम्बन्धित देशबाट confirmation प्राप्त भए पछि उम्मेदवारहरूलाई अभिलेख राखी नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा आयोगले कबुलियतनामा गराई सोको समष्टिगत विवरण नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा उपलब्ध गराइनेछ ।

## परिच्छेद – ५

## विविध

१०. **जिम्मेवारी :** निर्देशनालयको कार्यक्षेत्र भित्रका काम कारबाही निर्देशनालयको जिम्मेवारी हुनेछ । नीतिगत र प्रशासनिक निर्णयका हकमा आयोगको कार्यकारी समिति तथा प्रशासनिक काम कारबाहीको हकमा शाखा अधिकृत, उपसचिव, शाखा प्रमुख र सदस्य सचिवलाई तोकिए बमोजिम वा जिम्मेवारी दिएबमोजिम हुनेछ ।

११. **कार्यविधिमा संशोधन** : (१) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिको सिफारिशमा कार्यकारी समितिले यो कार्यविधिमा आवश्यक थपघट, परिमार्जन वा संशोधन गर्न सक्ने छ ।

(२) कार्यकारी समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउन सक्ने** : यो कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ उत्पन्न भएमा आयोगको कार्यकारी समितिले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।